संसारका मजदुरहरु एक होऔं !

मार्क्सवाद-लेनिनवाद-माओवाद/विचारधारा - जिन्दावाद !

# एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी)

## Unified Communist Party of Nepal (Maoist)

## केन्द्रीय समिति

Central Committee

### प्रेस वक्तव्य

आज अन्तर्राष्ट्रिय सर्वहारावर्गका महान् नेता तथा विचारक क. माओ त्से तुङको ११६ औं जन्मदिन हो । उहाँको जन्मदिनलाई उत्सवको रूपमा मनाइरहेका संसारभरका श्रमजीवी जनसमुदायमा एकीकृत नेकपा(माओवादी) न्यानो अभिवादन गर्दछ ।

छिमेकी चीनको हुनान प्रान्तको साओसानमा आजैका तिथिमा अर्थात् सन् १९९३ दिसेम्बर २६ मा माओ त्से तुङको जन्म भएको थियो । मध्यम किसान परिवारमा जन्मनुभएका माओ चिनिया कम्युनिस्ट पार्टीका संस्थापकमध्ये एक हुनुहुन्थ्यो । उहाँ चीनको बहुचर्चित लामो अभियान, जापानविरोधी युद्ध (१९३७-४५) र मुक्ति युद्ध (सन् १९४६-४९) का नेता एवम् नयाँ जनवादी गणतन्त्र चीनका संस्थापक हुनुहुन्थ्यो । उहाँ क्रान्तिपछि चीनलाई समाजवादी बाटोमा लैजाने वा पुँजीवादी बाटोमा भन्ने प्रश्न टड्कारो बनिरहेको बेला सुरु भएको महान् सर्वहारा साँस्कृतिक क्रान्तिको वास्तविक नेता पनि हुनुहुन्थ्यो । उहाँ संसारभरिका राष्ट्रिय मुक्ति आन्दोलनका प्रेरणाका अजस्र स्रोत समेत हुनुहुन्छ । आज माओ विश्वइतिहासकै महापुरुषहरूमध्ये एक बन्नपुग्नुभएको छ ।

माओले दर्शनका क्षेत्रमा विकास गर्नुभएको एकता-सङ्घर्ष-रुपान्तरणको नियम, दुई एकमा संयोजन होइन एक दुईमा विभाजन हुन्छ भनी द्वन्द्ववादको उक्त नियमको विस्तार; राजनीतिक अर्थशास्त्रको क्षेत्रमा रुसी समाजवादी मोडेलका कतिपय नीतिको आलोचना एवम् 'दुई खुट्टामा टेकेर हिँड्ने नीति', 'राजनीतिलाई पक्र, उत्पादन बढाऊ !' भन्ने मान्यता; र वैज्ञानिक समाजवादको क्षेत्रमा दीर्घकालीन जनयुद्धको सैनिक रणनीति, नयाँ जनवादी राज्यव्यवस्थाको मोडेल र सर्वहारा अधिनायकत्वअन्तर्गत निरन्तर क्रान्तिको सिद्धान्त आदि मार्क्सवाद-लेनिनवादको विकासमा सार्वभौम योगदानहरू थिए । त्यसैले त आज संसारभरका माओवादी क्रान्तिकारीहरूले मार्क्सवाद-लेनिनवाद-माओवाद/विचारधारालाई आफ्नो मार्गनिर्देशक विचारको रूपमा अपनाउँदै आएका छन् ।

अध्यक्ष माओले प्रतिक्रियावादीहरूलाई रणनीतिक रूपमा कागजी बाघको संज्ञा दिनुभयो । उहाँले साम्राज्यवादको पतनको भविष्यवाणि गर्नुभयो र उसलाई कार्यनीतिक रूपमा जनताको रगत पिउने साँच्चिकै बाघ भए पनि अन्ततः कागजी बाघ हो भनी उद्घोष गर्नुभयो । विश्वमा देखापरेको पछिल्लो आर्थिक मन्दी र बहुध्रुवीय विश्वतर्फ साम्राज्यवादी विश्वव्यवस्थाको ओर्‍हालो यात्राले माओले आजभन्दा ६० वर्षपहिले गर्नुभएको संश्लेषण कति सटिक थियो भन्ने नै प्रमाणित हुन्छ ।

अन्त्यमा, हामी माओ जयन्तीको अवसरमा संसारभरिका क्रान्तिकारीहरूलाई आसन्न विश्वक्रान्तिको नयाँ लहरको नेतृत्वका लागि तयार रहन आह्वान गर्नु आफ्नो कर्तव्य ठान्दछौं । विश्वक्रान्तिको नयाँ लहर क्षितिजमा देखापरिसकेको छ । मालेमावादको आलोकमा हामी त्यसलाई चुम्न सक्छौं, साहसका साथ अघि बढौं !

*२०६६ पुस ११ गते*

*क्रान्तिकारी अभिवादन सहित !*

पुष्पकमल दाहाल 'प्रचण्ड'
अध्यक्ष